**बालविवाह, कम उमेरमा हुने र जबरजस्ती गरिने विवाह विरुद्धको परियोजना सञ्चालनका लागि इच्छुक समुदाय/स्थानीय, पालिकास्तरिय नागरिक संघसंस्था छनौटका लागि**

**आशय पत्र आह्वानसम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८१ साल पौष २८**

संयुक्त अधिराज्य राज्य विभाग (US Department of State) को आर्थिक सहयोगमा, सेभ द चिल्ड्रेन मार्फतग्रामीण नारी उत्थान संघसंगको साझेदारीमा सर्लाही जिल्लामा बालविवाह, कम उमेरमा हुने र जबरजस्ती गरिने विवाह (Child, Early and Forced Marriage - CEFM)विरुद्धको परियोजना सञ्चालन भइरहेको हुँदा उक्त परियोजनामा सहकार्य गर्न इच्छुक यस गोडैता नगरपालिका भित्रका समुदायमा आधारित क्रियाशील नागरिक समूह/सञ्जाल/संघसंस्था साथै गैरसरकारी संघसंस्थाहरू(समुदाय र पालिकास्तरमा क्रियाशील युवा समूह/संजाल, अपांगता भएका मानिसहरुको संजाल, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको संजाल) बाट तोकिएको ढाँचामा आशयपत्र आह्वान गरिन्छ ।

साझेदारीका लागि निम्न अनुभव र योग्यता भएका नागरिक समूह/सञ्जाल/संघसंस्था साथै गैरसरकारी संस्थाहरूलाई प्राथमिकता दिइनेछ :

- बालविवाह, कम उमेरमा हुने र जबरजस्ती गरिने विवाह न्यूनीकरण वा अन्त्य गर्ने अभियानमा क्रियाशील भएको।
- लैङ्गिक असमानता तथा लैङ्गिक विभेद विरुद्धको अभियान संचालनमा अनुभव भएको ।
- गोडैता नगरपालिका भित्र कार्यक्रम सञ्चालन गर्ने संस्थाहरू।
- स्थानीय तह लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गरि काम गर्न सक्नेसंस्थाहरू
- महिला, युवा, पछाडि पारिएका जातजाति, अपाङ्गता भएका नागरिक लगायतको अगुवाई तथा संलग्नता भएका संस्था ।
- जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका संस्थाको हकमा लेखा व्यवस्थापन प्रणालीसम्बन्धी ज्ञान तथा अनुभव भएको र दर्ता नभएका संस्थाको हकमा खर्च व्यवस्थापनसम्बन्धि सामान्य ज्ञान भएको ।
- बालविवाह, कम उमेरमा हुने र जबरजस्ती गरिने विवाह न्यूनीकरण गर्ने सन्दर्भमा रचनात्मक र सिर्जनात्मक सोच तथा योजना भएको ।
- समाज कल्याण परिषद र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका संघसंस्थाहरूको हकमा आ.व. २०८१/२०८२ सम्मको संस्था नवीकरण, करचुक्ता (आ. ब.२०८०/२०८१)र संस्थाको पछिल्लो दुई आ. ब. को लेखापरीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।साथै संस्थागत अन्य आवश्यक कागजातहरु पनि पेश गर्नु पर्ने ।

माथि उल्लेखित योग्यता र अनुभव भएका इच्छुक नागरिक संघ संस्थाहरूलाई तोकिएको ढाँचामा प्रस्तावना सहितको आशयपत्र, संस्था दर्ता प्रमाणपत्र, समाज कल्याण परिषद्कोआवद्धता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र

र विधानको प्रतिलिपि **मिति २०८१ माघ ७** गते भित्र यस संस्थामा पेश गर्न आह्वान गरिन्छ । प्रस्तावनाको ढाँचा लगायतका अन्य जानकारी तल उल्लेखित इमेल ठेगाना वा फोन नंवरमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

प्रस्तावना, उल्लेखित कार्यालयहरूमा आफै उपस्थित भई वा दिइएको इमेल ठेगाना मार्फत पनि पठाउन सकिनेछ।

प्रस्तावना, उल्लेखित कार्यालयहरूमा आफै उपस्थित भई वा दिइएको इमेल ठेगानामार्फत पनि पठाउन सकिनेछ ।

सम्पर्क:

**ग्रामीण नारी उत्थान संघ,** हरिपुर न.पा.२ सर्लाही

फोन नं.०४६ ४११११०९

इमेल: eoi@rwua.org